नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति : ..................................

मिति २०७५ पौष ३ गते नेपालको संविधानको धारा २३४ मा व्यवस्था भए बमोजिम अन्तर प्रदेश परिषद्को दोस्रो बैठक परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा परिषद्का सदस्यहरु एवम् आमन्त्रित पदाधिकारीज्यूहरु समेतको उपस्थितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भयो ।

२०७५ मंसिर २३ र २४ गते बसेको अन्तर प्रदेश परिषदको पहिलो बैठकले निर्णय गरेअनुसार संघीयता कार्यान्वयन सम्बन्धमा उठेका सवालहरुको समाधानको लागि सुझाव पेश गर्न माननीय गृहमन्त्री रामबहादुर थापाज्यूको अध्यक्षतामा बनेको समितिले संघीयता कार्यान्वयनका सम्बन्धमा देखिएका २९ वटा समस्याको विषय/क्षेत्र पहिचान गरी ८२ वटा क्रियाकलापहरु सहित तयार गरेको **"संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना"** बैठकसमक्ष पेश भयो ।

परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यूबाट बैठकलाई सम्बोधन गर्दै हाम्रो चाहना स्थानीय तह तथा प्रदेश सरकार विकास, सुशासन, शान्तिसुरक्षा लगायतका विषयमा Drive गर्न सक्ने सक्षम बनुन् भन्ने हो, हामी एउटा देश, एउटा राष्ट्र र एउटा सरकार "नेपाल सरकार" भित्र छौं । शासकीय अनुकूलताको लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुरुप हामीले ७६१ सरकार बनाएका हौं, त्यसैले हाम्रो भावना एउटै छ भन्दै सम्माननीय प्रधानमन्त्रीज्यूले समितिले तयार गरेको सहजीकरण कार्ययोजना लागू गर्ने र छुटेका केही विषय भएमा नेपाल सरकार, मन्त्रिपरिषदबाट थप निर्णयसमेत गर्न सकिने बताउनुभयो ।साथै, सम्माननीय प्रधानमन्त्रीज्यूले यस कार्ययोजनाले संघ, प्रदेश र स्थानीय तहलाई समन्वयात्मक एवं थप ससक्त ढंगले अगाडि बढाउने विश्वास समेत व्यक्त गर्नुभयो ।

त्यसअघि, माननीय मन्त्रीज्यूहरु तथा माननीय मुख्यमन्त्रीज्यूहरुले कार्ययोजनाका सम्बन्धमा आ-आफ्नो धारणा राख्नुभएको थियो । बैठकमा समितिका सदस्य सचिव तथा नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मीबाट कार्ययोजना प्रस्तुत भएको थियो।

सो बैठकमा परिषद्का अध्यक्ष सम्माननीय प्रधानमन्त्रीज्यू, अन्तर प्रदेश परिषद्का सदस्यज्यूहरुका साथै आमन्त्रितको रुपमा नेपाल सरकारका माननीय मन्त्रीज्यूहरु, माननीय राज्यमन्त्रीज्यूहरु, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यूहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू, माननीय महान्यायाधिवक्ताज्यू, नीति अनुसन्धान प्रतिष्ठानका अध्यक्षज्यू, नेपाल सरकारका मुख्य सचिवज्यू, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवज्यूहरु, प्रदेश सरकारका प्रमुख सचिवज्यूहरु समेतको उपस्थिति रहेको थियो ।

संघ, प्रदेश र स्थानीय तहवीच सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सार्वजनिक सेवा प्रवाह, विकास र सुशासन प्रवर्धनको माध्यमद्वारा **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय संकल्पलाई पूरा गर्नको लागि सबै एकजुटका साथ अगाडि बढ्ने साझा संकल्प र प्रतिवद्धताका साथ बैठक सम्पन्न भएको छ।

७५।९।०३

(विनोद बहादुर कुँवर)
प्रवक्ता

३ पौष, २०७५
सिंहदरबार, काठमाडौं ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np